# छापामार युद्ध : *राधा* उपन्यास

सरोज दवाडी
उपप्राध्यापक, नेपाली विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस

**लेखसार**

*प्रस्तुत लेखमा धरावासीको उपन्यास राधामा छापामारीय युद्धकलाअन्तर्गत छापामारीय युद्धका तत्त्व तथा चरणहरूका आधारमा विश्लेषण गरिएको छ । यस लेखमा माओत्सेतुङ र चेग्वेराको छापामार युद्धकलालाई कृति विश्लेषणको आधार बनाइएको छ । गुरिल्ला युद्धकलाको संयोजन मिथकीय आख्यान राधामा धरावासीले गरेका छन् । यस लेखमा छापामार युद्धकलाको सामान्य अवधारणा प्रस्तुत गर्दै त्यसकै आलोकमा विश्लेष्य उपन्यासबाट सन्दर्भ लिएर पुष्टि गर्ने काम गरिएको छ । महाभारतकालीन युद्धमा नभएका युद्ध कौशलहरूलाई पनि यस उपन्यासमा समेटिएको छ । यस उपन्यासमा कृष्णले कंससँगको युद्धमा छापामार युद्धका रणनीति र चरणहरूको पालना गर्दै विजयी भएका छन् । यस आधारमा गरिएको विश्लेषणबाट के भन्न सकिन्छ भने राधा उपन्यासमा छापामार युद्धकलाको भरपूर प्रयोग गरिएको छ, जुन तत्कालीन नेपालका माओवादीले प्रयोग गरेको युद्धकलासँग मिल्दोजुल्दो छ ।*

**शब्दकुञ्जी** : *आक्रामक, गुरिल्ला, चेग्वेरा, छापामार, प्रतिरक्षात्मक, प्रत्याक्रामण, युद्धकला, माओत्सेतुङ, सुदृढीकरण ।*

## विषय परिचय

नेपाली साहित्यका उल्लेख्य व्यक्तित्व कृष्ण धरावासी (वि.सं.२०१७) द्वारा लिखित *राधा* (२०६२) उपन्यास मदन पुरस्कार प्राप्त मिथकीय उपन्यास हो । महाभारतकालीन पात्र *राधा*लाई मुख्य पात्र बनाई त्यसमा समसामयिकता पनि मिसाएर रचित यस उपन्यासमा नारीको अस्तित्वको खोजी गरिएको पाइन्छ । प्रेम, युद्ध र त्यागको संयोजन गरिएको उक्त उपन्यासमा *राधा* र कृष्णलाई तत्कालीन परिवेशसँग समायोजन गरी उपन्यासलाई वर्तमान नेपाली जनजीवनसँग जोडेर प्रस्तुत गरेका छन् । यसरी महाभारतभन्दा छुट्टै अस्तित्वको खोजी गर्ने उपन्यास *राधा*मा प्रेम र द्वन्द्वलाई समय र परिस्थितिले पार्न सक्ने प्रभावको विचित्रताको चित्रण गरिएको छ । हुन त माओवादी जनयुद्धको साहित्य नेपाली युद्धसाहित्यको प्रमुख अङ्ग हो' (भण्डारी, २०८०, पृ. ४२७) पनि भनिएको देखिन्छ । त्यसै समयको पेरिफेरीमा लेखिएका यस उपन्यासमा छापामार युद्धकलाका केही प्रभाव भेट्न सकिन्छ ।

छापामार युद्धलाई गुरिल्ला युद्ध पनि भनिन्छ । छापामार युद्ध अर्धसैनिक अथवा नियमित सैनिकद्वारा शत्रु सेनालाई पछाडिबाट वा लुकेर आक्रमण गरी युद्ध लड्दछन् । छापामारहरूले अन्य खालका युद्धमा जस्तो नगरी उनीहरूको दुस्मनमा अवरोध र आतङ्क फैलाउने काम गर्दछन् । लडिरहेका छापामार लडाकुहरूलाई चिन्न गाह्रो हुन्छ किनकि उनीहरू सैनिक पोसाकमा हुँदैनन् । उनीहरू दिनमा सामान्य

*Corresponding author:* sdawadi@smc.edu.np

नागरिक जस्तै बस्दछन् अनि रातमा लुकेर शत्रुलाई आक्रमण गर्दछन् । छापामारहरू नियमित सेनालाई धोका दिएर आक्रमण गर्दछन् । छापामार सैनिकको सिद्धान्त हो 'हान र भाग' । यसरी *राधा* उपन्यासमा पनि कृष्णले कंससँगको युद्धमा छामापार युद्धकलाको कुशल प्रयोग गरेका छन् । उक्त कलाको केकस्तो र कसरी प्रयोग *राधा* उपन्यासमा गरिएको छ भन्ने विमर्शलाई प्रस्तुत गर्नु यस लेखको अभीष्ट हो ।

## समस्याकथन र उद्देश्य

कृति विश्लेषणका लागि छापामार युद्धकलाका दृष्टिले *राधा* उपन्यास केकस्तो देखिन्छ भन्ने प्रश्न नै यस अनुसन्धानको मुख्य समस्या हो भने त्यसको प्राज्ञिक समाधानलाई यसले आफ्नो उद्देश्य बनाएको छ ।

## शोधविधि

यस अध्ययनका लागि सामग्रीको प्रमुख स्रोत पुस्तकालयलाई बनाएको छ। विवेच्य उपन्यास *राधा* यस अध्ययनको प्राथमिक सामग्री हो भने छापामार युद्धको सैद्धान्तिक मान्यताका लागि लिइएका तथा *राधा* उपन्यासका बारेमा गरिएका पूर्व अध्ययनहरू द्वितीयक सामग्री हुन् । कृति विश्लेषणका विभिन्न आधारमध्ये छापामार युद्धकलालाई सैद्धान्तिक आधार बनाइएको छ । मिथकीय आख्यानमा समसामयिकतालाई मिसाइएको *राधा* उपन्यासमा केकस्ता र कसरी छापामार युद्धकलाको प्रयोग गरिएको छ भन्ने सन्दर्भमा कृतिगत तथ्यलाई अगाडि सार्दै पुष्टि गर्नु यसको विश्लेषणको विधि हो ।

### छापामार युद्धकलाको सिद्धान्त

छापामार युद्ध एक आधुनिक अर्थात् गैर-परम्परागत युद्ध कला हो । नियमित वा शक्तिशाली सेनाको विरूद्ध कमजोर वा अनियमित सेना लडाकुको बीच हुने सङ्घर्षलाई छापामार युद्ध कला भनिन्छ । यसलाई गुरिल्ला युद्धकला पनि भनिएको पाइन्छ । यस युद्धकलाको इतिहास निकै पुरानो रहेको पाइन्छ । लगभग हरेक प्रकारको शासन प्रणालीमा यसको प्रयोग भएको देख्न सकिन्छ । भारतीय मुगल सम्राट शिवाजीले विशाल सेनाका विरुद्धमा आफ्नो लडाइँमा प्रभावकारी रूपमा गरेको युद्ध देखि नेपालमा माओवादीद्धारा गरिएको युद्ध नै छापामार युद्ध हो (सरकार, सन् १९७५, पृ.१३०) । यसै सन्दर्भमा छापामार युद्ध एक यस्तो शस्त्र हो, जसको प्रयोग शैन्य दृष्टिले कमजोर राष्ट्र वा शक्तिले आफ्नो शक्तिशाली शत्रुको विरूद्धमा गर्दछ । यो युद्ध नियमित सेनालाई पराजित गर्नका लागि, शत्रु सेनासँग लड्नका लागि नियमित सेनाको कारवाही गर्न असमर्थ र असक्षम हुदाँ स्थापित सरकारको विरूद्ध क्रान्ति वा सत्ता परिवर्तनको उद्देश्य राखी गरिन्छ ।

छापामार युद्धमा आवश्यक तत्त्वअन्तर्गत भौगोलिक परिस्थिति (Geographical Situation), जनसमर्थन (Public Support), गतिशीलता (Mobility), आश्चर्य (Suprisingly), सुरक्षा (Security) र नेतृत्व/अनुशासन (Leadership/Discipline) (सेतुङ, सन् १९८९, पृ.८५-८७) पर्दछन् । भौगोलिक परिस्थितिमा पहाड, घना जङ्गल, दुर्गम ठाउँ पर्दछन् । यी ठाउँहरूले छापामार सैनिकको सुरक्षा प्रदान गर्दछ भने अर्कोतर्फ आक्रमण गर्ने तयारीका लागि समेत उक्त ठाउँ सहयोगी साबित हुने गर्दछ । दोस्रो

तत्त्व जनसमर्थन हो । यसरी छापामार सैनिक निमार्णका लागि मान्छेको जरुरत पर्दछ, त्यो भनेकै स्थानीय जनता नै हुन् । अर्कोतर्फ शत्रुको आक्रमणबाट बच्नका निम्ति र उनीहरूसँग लुक्नका लागि पनि जनसमर्थन आवश्यक पर्दछ । शत्रुमाथि आक्रमण गरी लुक्नका लागि छापमार सैनिक जनताकै घरमा रहन्छन् । त्यसैले 'जनता पानी हुन् भने छापामार सैनिक माछा' (सेतुङ, सन् १९८९, पृ.४३) हुन् । अर्को गतिशीलता महत्त्वपूर्ण तत्त्व हो । गतिशीलता भन्नाले क्रियाशीलता भन्ने बुझिन्छ । यसमा जति तीव्र गतिमा शत्रुलाई हमला गरिन्छ, त्यही तीव्रताका साथ आक्रमणकारी पछाडि हट्नुपर्दछ । गतिशीलता बनाई राख्न सानो सानो टुकडी (समूह) बनाउनु पर्दछ र उनीहरूको हतियार हल्का बनाउनुपर्दछ । त्यस्तै आश्चर्यको अर्थ शत्रुलाई अप्रत्याशित रूपमा हमला गरी शत्रुलाई आश्चर्य चकित पार्नु हो । यसका लागि छापामार सेनाले शत्रु युद्ध गर्ने स्थितिमा नरहेको बेलामा गर्नु पर्दछ । जस्तैः खाना खाने समय, राती सुत्ने समयमा आक्रमण गर्दा शत्रु परास्त हुन सक्दछन् । उनीहरूको प्रतिकार गर्न सक्दैनन् । त्यस्तै सुरक्षाअन्तर्गत छापामार सेनाको सुरक्षा निकै आवश्यक हुन्छ, किनकि यिनीहरू नियमित सेनाको तुलनामा कमजोर हुन्छन् । सानोसानो समूहमा हुने हुदाँ नियमित सेनाले आक्रमण गरे परास्त हुन सक्छन् । अतः उनीहरूको सुरक्षामा प्रयाप्त ध्यान दिनुपर्दछ । यसरी अन्तिम तत्त्वअन्तर्गत नेतृत्व/अनुशासन पर्दछ । नियमित सेनामा जस्तो छापामार सेनामा अनुशासनले ठूलो भूमिका राख्दछ । यस सेनामा पनि सरकारी सेनाको जस्तै नेतत्वको क्रम रहन्छ तर यी सेनामा भने अनुशासनको कमी हुन्छ । प्रभावशाली व्यक्तिलाई नेतृत्व प्रदान गर्दा र उसले अरुलाई अनुशासनको पालना गराउँदा छापामार सेनामा पर्याप्त क्षमता, उत्प्रेरणा र स्फूर्ति प्राप्त हुन्छ । अतः छापामार युद्धमा यिनै कुराहरूले विशेष महत्त्व राख्दछ ।

छापामार युद्धमा आफू सुरक्षित रही आक्रमण गर्ने 'हान र भाग' (Hit and Run) रणनीति बनाइएको हुन्छ । ठूलाठूला समूहका विरूद्धमा ससाना समूह बनाई आक्रमण गरिन्छ । छापामारहरू क्रान्तिकारी चरित्रका हुन्छन् भने यिनीहरू नियमित सेनाजस्तो नभएर कमजोर र कम सङ्ख्यामा हुन्छन् । यिनीहरू अनियमित युद्ध गर्दछन् । उनीहरूको रणनीति भनेकै राती सुतेको समयमा आक्रमण गर्नु अर्थात् अनिश्चित र अप्रत्याशित रूपमा आक्रमण गर्नु नै हो ।

छापामार युद्ध रणनीतिअन्तर्गत सुरक्षा (Security), आक्रमण (Attack), गतिशीलता (Mobility), सर्तकता (Awareness), आश्चर्य (Suprisingly), धोका (Betray) (सेतुङ, सन् १९८९, पृ.९४-११४) पर्दछन् । प्रभावशाली वर्गले गरेको शोषणका विरूद्ध आवाज उठाउने काम छापामारको हुन्छ । उनीहरू आफ्नै सामाजिक नीतिनियम तयार गर्दछन्, जहाँ जनताको प्रत्यक्ष सहभागिता रहेको देखिन्छ । राज्यपक्षको कानुनले दण्डित गर्न नसकेका कुसंस्कार र अपराधलाई छापामारले आफ्नै कानुन बनाई जनतासामू सकारात्मक छाप छोड्न चाहन्छन् । जनताको मनमा बसेर उनीहरूको साथ र समर्थन खोज्दछन् ।

छापामार युद्ध निकै प्राचीन समयदेखि सुरू भए तापनि माओले यस युद्धका बारेमा व्यवस्थित अध्ययन गरेका छन् । उनले के भनेका छन् भने छापामार पूर्णतः प्रतिरोधी चरित्रको हुनुपर्दछ र युद्ध दीर्घकालीन हुनुपर्छ न कि तुरून्त आक्रमण गरी तुरून्तै समाप्त हुने हुनुहुँदैन । त्यसैगरी यस युद्धमा कुनै नीति र नियम हुँदैन र यो अनियमित रूपमा प्रस्तुत हुन्छ । छापामार युद्धमा सफलता हासिल गर्न सङ्गठित हुनुपर्ने तथा अनुशासित भएर रहनु पर्दछ । सेनाले जनविश्वास प्राप्त गर्नुपर्दछ । माओले हतियारलाई राजनीतिक पार्टीले सञ्चालन गर्नु पर्दछ न कि हतियारले राजनीतिक पार्टीलाई भनी बताएका छन् ।

हतियार भनेकै राजनैतिक सत्ता प्राप्तिका निम्ति हो । यसमा पार्टी नै सर्वोच्च सत्ता हो । छापामार सेना र सरकारी/नियमित सेना एकअर्कालाई खत्तम पार्न लागि पर्दछन् ।

माओले छापामार युद्धका चरणहरूका बारेमा पनि बताएका छन् । यसअन्तर्गत उनले अप्रत्याशित आक्रमण, नेतृत्व र सुरक्षा, गतिशीलता, धोका, आपूर्ति/हतियार कब्जा र प्रचारप्रसारलाई व्याख्या गरेका छन् । उनले जनतामा आफ्नो आक्रमणको औचित्य पुष्टि गर्न र जनतामा आफूप्रतिको विश्वास जगाउनका लागि जनताको साथ र समर्थनका लागि आक्रमण स्थलमा पर्चापम्प्लेट छाडी उनीहरूलाई आफ्नो बशमा पार्नुपर्ने तर्क प्रस्तुत पनि गरेका छन् । अतः माओले छापामार युद्धका चरण (सेतुङ, सन् १९८९, पृ.११५) लाई यसरी प्रस्तुत गरेका छन् :

सुदृढीकरण (मौन चरण) Consolidation : Passive Phase

क्रमिक विस्तार (सक्रिय चरण) Progressive Expansion : Active Phase

प्रत्याक्रामण (निर्णायक चरण) Decission : Counter Offensive Phase

यस चरणको सामान्य चर्चा यसप्रकार गरिन्छ :

सुदृढीकरण (मौन चरण) : यो चरण भनेका छापामारहरू पूरा तयारी अवस्थामा रहनु हो । यस चरणमा जनसमर्थन प्राप्त गर्नु, जनतामा आफ्नो लक्ष्य प्रष्ट पार्नु, शत्रुसामू सानातिना आक्रमण गर्नु, जनताको सामू रहनु, नियमित सेनाको विरूद्ध जनतामा घृणा पैदा गराउनु, तयारीको काम गरेर आफूलाई सुदृढ राख्नु आदि पर्दछन् ।

क्रमिक विस्तार (सक्रिय चरण) : यस चरणमा छापामार गर्नु, सरकारी मानिसमा डरत्रास पैदा गर्नु, सरकार उक्त क्षेत्रमा आउन त्रसित बनाउनु अनि खाद्यान्न र हातहतियार लुटेर हातहरियार सङ्कलन गर्नु अर्थात् आफ्नो शक्ति सञ्चय गर्नु आदि पर्दछन् । त्यसै गरी शत्रुलाई धोका दिनु अर्थात् शत्रु अघि बढे आफू भाग्नु, शत्रु रोकिए चारैतिरबाट दुःख दिनु, शत्रु थाकेपछि, आक्रमण गरेर जब शत्रु भाग्छ, उसलाई लखेट्नु अर्थात् जेजसरी भए पनि शत्रुलाई दुःख दिनु, सरकारको कमजोरी र सबलतालाई पत्ता लगाउनु जस्ता कार्यहरू यस चरणमा पर्दछन् ।

प्रत्याक्रामण (निर्णायक चरण) : यो निर्णायक चरण हो । जबसम्म विजय प्राप्त हुँदैन, तबसम्म आक्रमण गर्दछन् । यदि आफूलाई विजय निश्चित छ भन्ने लाग्दैन, तब पुनः सुदृढीकरणकै चरणमा नै फर्किनु पर्दछ र सोहीअनुसार पुनः तयारी गरी पहिलो चरणबाटै आउनु पर्दछ ।

छापामार युद्धका विषयमा चेग्वेराले पनि केही कुरा बताएका छन् । उनले छापामार समूहको बीचमा संचार सम्पर्क कायम गर्न बलियो संचारतन्त्र स्थापित गर्नुपर्ने अनि सञ्चारतन्त्रमा महिलाको भूमिका महत्त्वपूर्ण हुने कुरा उल्लेख गरेका छन् । महिलालाई सरकारी सेनाले विशेष निगरानी नगर्ने हुँदा यो कुरा फलदायी मानिन्छ । चेग्वेराले पनि मजबुत आधार शिविर निर्माण, आपूर्ति भण्डारको स्थापना, ससाना हमला, नियमित र अप्रत्याशित आक्रमण, मानिसका आधारभूत वस्तुमाथि आक्रमण जस्ता रणनीति (सन् २००६, पृ.२०-३२) उल्लेख गरेका छन् ।

छापामार युद्ध 'हान र भाग' (Hit and Run) को रणनीतिमा आधारित हुन्छ । नियमित सरकारी सेनाको विरूद्धमा कुनै नियममा नबाँधिएर गरिने युद्ध छापामार युद्ध हो । छापामार सेना कुनै राजनैतिक पार्टीका सेना हुन्; जसको सर्वोच्चता पार्टीमै रहन्छ । पार्टीकै निर्देशनमा छापामार सेनाले युद्ध लड्दछन् ।

जनताकै बीचमा रही जनताकै सेना भएको विश्वास दिलाउने कोशिस गर्ने हुनाले जनताबाटै आफूलाई अनुमोदित गराइएको भ्रम छापामार सेनाले फैलाउँछन् । यसरी *राधा* उपन्यासमा छापामार युद्धकलाको के कस्तो प्रयोग भएको पाइन्छ, ती छापामार युद्धकलालाई केकसरी प्रस्तुत गरिएको छ, उक्त कुराको विश्लेषण यस लेखमा गरिएको छ ।

## *राधा* उपन्यासमा छापामार युद्धकलाको प्रयोग

पौराणिक मिथकीय आख्यानलाई आधार बनाई लेखिएको *राधा* उपन्यासमा समसामयिकतालाई मिश्रण गरी मौलिक उपन्यास बनाइएको छ । महाभारत पुराणकी गौण पात्र *राधा*लाई मुख्य पात्रका रूपमा लिएर तयार पारिएको यस उपन्यासमा *राधा* चरित्रमार्फत् कृष्णको पटाक्षेप चरित्रलाई पनि देखाउन खोजिएको छ । *राधा*को कृष्णप्रतिको अगाध प्रेमलाई कलात्मक शैलीमा यस उपन्यासमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा *राधा*ले कृष्णसँगको प्रेम सम्बन्धका बारेमा चर्चा गर्ने क्रममा कृष्णले गरेको युद्धलाई पनि समेटिएको छ, जुन युद्ध छापामार शैलीमा गरिएको देखिन्छ । अतः यस उपन्यासमा गरिएका छापामार युद्धकलालाई यसरी विश्लेषण गर्न सकिन्छ :

## *राधा* उपन्यासमा छापामार युद्धतत्त्वको प्रयोग

छापामार युद्धका लागि आवश्यक तत्त्वअन्तर्गत भौगोलिक परिस्थिति पर्दछ । यस उपन्यासमा पनि पनि युद्धका लागि कृष्णले घनाजङ्गल, पहाडी क्षेत्र र गाँउहरूलाई लिएका छन् । *राधा* उपन्यासमा "यमुनाको किनारमा जङ्गलभित्र युवाहरूले तालिमकेन्द्र स्थापना गरेका" (पृ.११५) अनि "सुशीलासँग मेरा अधिकांश सखीहरू जङ्गल पसिसकेका" (पृ.१२८) लगायत "मथुराका जङ्गलजङ्गलमा हाम्रा तालिमकेन्द्र छन्" (पृ.१२९) भन्ने कुराले अनि "मथुरा र व्रजका जङ्गलहरू हातहतियारका कारखानामा परिणत भएका थिए । तर एउटा अचम्म के थियो भने त्यत्रो युद्धको तयारी गरिरहँदा पनि कंसलाई भने त्यसको सुइँकोसम्म थिए" (पृ.१५३) भन्ने साक्ष्यहरूले कृष्णका छापामार सेना जङ्गल र व्रजकै दुर्गम गाउँमा तालिम लिएर युद्धको तयारी गरेको प्रष्ट पार्दछ । कंसले कृष्णको छापामार युद्धको तयारीलाई थाहा पाउँदैन् । कृष्णले छापामार युद्धकै माध्यमबाट कंसमाथि विजय प्राप्त गरेका थिए ।

छापामार युद्धको अर्को तत्त्व जनसमर्थन हो । यस *राधा* उपन्यासमा कृष्णले जनसमर्थन जुटाएर आफ्नो पक्षमा पारेको देख्न सकिन्छ । छापामार सेनाका लागि जनसमर्थन एकदम महत्त्वपूर्ण कुरो हो । यसरी कृष्णले "कंसका अत्याचारी सैन्यहरूबाट बच्न वा जुध्न अब जनता पनि सक्षम हुनुपर्छ भन्ने लागी उनले गाउँका युवाहरूलाई एकान्तमा यो कुरा बुझाएका थिए" (पृ.११५) । उनीपछि गर्गजीले पनि गाउँलेहरूलाई यसरी सम्झाएका थिए :

> गर्गजीले गाउँलेहरूलाई सम्झाए- 'समय सधैँ एउटाको अधिकारमा हुँदैन, यसलाई हाँक्ने नयाँ नयाँ व्यक्तिहरू संसारमा आइरहन्छन् । प्रत्येक पुस्ताले आफ्नो युगमा आफ्नो अनुकूल बाटो खोज्छ । परिर्वतन हुने नै त्यसैगरी हो । हाम्रो पालामा हामीले गरेको भनेको हामै अनुकूल मात्र थियो, हामीले गरेकैले मात्र आउने पिँढीलाई अन्तिमता दिँदैन । त्यसैले आफ्नो यौवनको गीत जसले पनि गाउँछ । अब नयाँ पुस्ताले नयाँ कुरा सोचिरहेको छ, तिनीहरू आफ्नै युगको निर्माणमा

लाग्न खोजिरहेका छन्, तिनीहरूलाई त्यसो गर्न दिनुपर्छ । फेरि हामीले छेकेर पनि ती कहाँ छेकिन्छन् ? तिनीहरू समयका प्रवाह हुन्, हेर्दा पो ती हाम्रा सन्तान देखिन्छन्, तर ती कहाँ हाम्रा सन्तान मात्र हुन् ? ती त भविष्यका अग्रज हुन् । तिनले भोलिलाई कुनै ऐतिहासिक जिम्मा दिनु छ । (पृ.१२१–१२२)

त्यसैगरी जनसमर्थनका लागि कृष्ण पक्षीय मानिसहरू निकै खटेको पाइन्छ अनि "गर्गजी मथुराबाट फर्केर आउँदा गाउँमा एक किसिमको आतङ्क मच्चिएको थियो । गाउँमा कोही केटाकेटी थिएनन् । गोकुल त युवाहरूबाट रित्तो जस्तो यो थियो" (पृ.१२१) । यसले के देखाउँछ भने कृष्णपक्षले गाउँलेको जनसमर्थन पाएर उनीहरूको साथसहयोगबाट गुरिल्ला युद्ध गर्न लागेको बुझ्न सकिन्छ । त्यसैगरी जनसमर्थनलाई यस साक्ष्यले थप पुष्टि गर्दछ :

गाउँ एकदमै चकमन्न थियो । नयाँ पुस्ता गाउँमा एकदमै पातलिएका थिए ।.... म तिनीहरूलाई सम्झाउँथे, आश्वासन दिन्थेँ, कृष्ण र बलरामको प्रशंसा गर्दै राजा कंसको अत्याचारको नजानिदो पाराले प्रचार गर्थें । मानिसहरूमा कंसको अत्याचार र दुर्बुद्धिको स्मरण गराउँदै गएँ । ....मेरा कुराले उनीहरूलाई आफ्ना छोराछोरीले भनेको कुरामा थप मद्दत पुग्दै गयो । (पृ.१३२–१३३)

माथिका साक्ष्यमा गुरिल्ला युद्धमा जस्तै कृष्णले पनि जनसमर्थन जुटाएको प्रष्ट देख्न सकिन्छ । जनसमर्थन जुटाउनका निम्ति गर्ग ऋषि, अक्रुरजी तथा *राधा*को ठूलो भूमिका रहेको छ । गर्ग ऋषिले गोकुलबासीलाई कंसको षड्यन्त्र र कुकृत्यबारे जानकारी गराई जनतामा ऊमाथि घृणा फैलाउन लागिपरेका थिए, जसले कृष्णलाई सहयोग पुगेको थियो अनि गोकुलका युवा पुस्तालाई कंसको कुकृत्य र कृष्णको तारिफ गरी छापामार युद्धमा होमिएको देखिन्छ । यसले के देखाउँछ भने *राधा* उपन्यासमा पनि कृष्णले जनसमर्थन लिएर कंसको सरकारका विरुद्ध गाकुलबासीलाई सचेत गराएको देखिन्छ ।

त्यसैगरी छापामार युद्धको अर्को तत्त्व गतिशीलता पनि *राधा* उपन्यासमा देख्न सकिन्छ । कृष्णपक्षीय सेनामा हतियारहरू प्रशस्त नरहेकाले उनीहरू छलकपट गरेर युद्ध जित्नुपर्छ भन्ने कुरा गरेको पाइन्छ । कृष्णले "हामीलाई थाहा छ कंसका तालिमप्राप्त र सशस्त्र सेनासँग हाम्रो घरेलु साधारण हतियारले युद्ध जित्न सक्दैनौ । यो युद्ध हामीले चलाखीपूर्ण ढङ्गबाट जित्नुपर्छ" (पृ.१३०) भन्दछन् । उक्त साक्ष्यमा कृष्णको विचार व्यक्त भएको छ । उक्त साक्ष्यले घरेलु हतियारको प्रयोग गरी युद्ध गर्न तम्सिएको कुरा बुझाउँछ । कृष्णमा घरेलु हतियारका माध्यमबाट चलाखीपूर्ण तवरले युद्ध जित्ने रणनीति देखिन्छ । उनले छापामार युद्धकै क्रममा "मथुरामा युद्ध सुरु भइ सकेको छ । लडाकुहरू जङ्गलबाट निस्केर गाउँ कब्जा गर्दै बिस्तारै नगरतिर बढिरहेका" (पृ.१५४) कुरा समेत गरेकाले उनीहरूका छापामारीय तत्त्व गतिशीलता पनि रहेको प्रष्ट हुन्छ । उनीहरूको गुरिल्ला युद्धमा कतिपय सेनाहरू हताहत पनि हुन्छन्, जसलाई "त्यति लामो सैद्धान्तिक युद्ध ज्ञान नभएका हाम्रा साथीहरू ठाउँठाउँमा कंसका सेनाका घेरामा पर्दै मर्दै पनि गइरहेका छन् । तर धेरैजसोसँग घेरा तोडेर भाग्ने कला भएकाले बाँचिरहेका पनि छन्" (पृ.१५९) भनी कृष्णले समेत बताएका छन् । यसरी यी साक्ष्यले लडाकुको सक्रियताको बोध गराउँदछ । छापामार युद्धमा शत्रुलाई आक्रमण गरी भाग्ने कलाको प्रयोग भएको कुरा पनि यस साक्ष्यले स्पष्ट पार्दछ ।

*राधा* उपन्यासमा आश्चर्य छापामार युद्धकला पनि भेटिन्छ । शत्रु सेना वा कंसको सेनालाई अप्रत्याशित/अचानक हमला गरी युद्धमा विजय आफ्नो हातमा पार्ने प्रयास यस उपन्यासमा भएको पाइन्छ,

जसलाई कृष्णले यसरी पुष्टि गरेका छन्:

> अब हामी कंसका सेनासँग आमनेसामने युद्धमा सामेल हुँदैनौँ । हामी झुक्याएर छापामार युद्ध प्रारम्भ गर्नेछौ । हाम्रा धेरैजसो साथीहरूलाई सर्वसाधारणको भेषमा नगरमा प्रवेश गराइरहेका छौ । कंसका सेनालाई परास्त गर्दै कंससम्म पुग्नु हामीलाई असम्भव रहेछ । अब झुक्याएर दरबारमै प्रवेश गर्नुपर्ने नयाँ चाल सुरु भएको छ । (पृ.१५७)

यस साक्ष्यबाट छापामार युद्धको रणनीतिमा लागेको कुरा प्रष्ट हुन्छ । शत्रुलाई आश्चर्यमा पारेर शत्रुमाथि आक्रमण गर्ने कला गुरिल्ला युद्धमा हुन्छ, सोही कुराको प्रयोग *राधा* उपन्यासमा गरिएको देखिन्छ । त्यस्तै आश्चर्यको अर्को साक्ष्य यस्तो रहेको छ :

> गाउँलेहरूको प्रत्यक्ष सहयोग थियो । कंसका सेनाको गतिविधिको निरन्तर खबर दिइरहन्थे । तिनीहरू एकातिरबाट आए हामी अर्कोतिर लागिसक्थ्यौँ । भरसक आमनेसामनेको युद्ध लड्न सक्ने नीति थिएन हाम्रो । आमनेसामनेको युद्ध लड्न सक्ने क्षमता थिएन हाम्रो । झुक्याएर, अभर पारेर एकाएक अत्याएर आक्रमण गर्थ्यौं हामी । यसरी थोरैले धेरै जनालाई परास्त गर्न सकिँदो रहेछ । (पृ.१६६–१६७)

माथिका साक्ष्यले छापामार युद्ध गरी शत्रुलाई परास्त गर्ने कुरालाई देखाएको छ । शत्रुमाथि अचानक र अप्रत्याशित रूपमा युद्ध जित्ने प्रक्रियालाई देखाइएको छ । कंसका सेना आधुनिक हतियारले सुसर्जित भएकाले कृष्ण पक्षले छापामार युद्ध कलाको प्रयोग गरेको पाइन्छ । कृष्णका सेनाले "रूखका हाँगाहाँगामा लुकी बसेका लडाकुहरूले तीर, भाला, घुयेत्रो आदिको प्रहारबाट ती सबैलाई समाप्त गरिदिएछन्" (पृ.१२८) । अतः उपर्युक्त साक्ष्यहरूले शत्रुलाई आश्चर्यमा पारी युद्ध गर्ने रणनीति कृष्णपक्षले बनाएको देखिन्छ ।

छापामार युद्धका लागि आफ्ना पक्षीय सेनाको सुरक्षा व्यवस्था सही र उचित गर्नु पर्ने देखिन्छ । सेनाको सुरक्षा व्यवस्थालाई व्यवस्थित नगर्दा शत्रुपक्षसँग युद्ध गर्दा आफ्नो सेनाको बढी मात्रामा हताहती हुने देखिन्छ । त्यसैले कृष्णले आफ्नो सेनालाई सुरक्षित रहन विभिन्न तौर-तरिका अपनाएको देखिन्छ । उनले "कंससँग युद्ध हुन्छ र यो टर्दैन । युद्ध घमासान हुन्छ, त्यसका लागि हाम्रो सैनिक तयारी अन्यन्त व्यवस्थित र आधुनिक हुनुपर्छ" (पृ.१५०) भनेकाले यस साक्ष्यले कृष्णका सेनाको सुरक्षालाई देखाएको छ । छापामार सेना नियमित र पूर्ण तालिमप्राप्त नहुने हुँदा उनीहरूको सुरक्षामा विशेष व्यवस्था गरिनुपर्छ । *राधा*ले सुशीलासँगको युद्धको तयारीको बेलामा यो कुरा व्यक्त गरेकी छे । सानोसानो समूह बनाई युद्ध गरेका कृष्णका सेनाहरूमध्ये सुशीलाको समूह कंसको सेनासँग दोहोरो भिडन्तमा परी सहादत प्राप्त गर्दछ । । त्यसले के संकेत गर्दछ भने सानो सानो समूहमा हुने छापामार सेना नियमित सेनाको तुलनामा कमजोर हुन्छन्, जसको सुरक्षाको लागि विशेष व्यवस्था गरिएको हुन्छ । सुशीलाको समूहले सहादत प्राप्त गरेपछि कंसको सेनामाथि कृष्णका अन्य सेनाले जङ्गलमा लुकेर आक्रमण गरी मारिदिन्छन् ।

छापामार युद्धको अन्तिम तत्त्वअन्तर्गत नेतृत्व/अनुशासन पर्दछन् । *राधा* उपन्यासमा छापामार युद्धका निम्ति सफल नेतृत्व र कुशल अनुशासनको प्रयोग गरिएको छ । कृष्णकै नेतृत्वमा युद्ध सुरु गरिएको छ । कृष्णपछि गर्गऋषि, अक्रुरजी लगायतले युद्धको नेतृत्व गरेका छन् । यसमा *राधा*ले पनि नेतृत्वदायी भूमिका निभाएकी छे । नेतृत्व दुरदर्शी र हतियार खेलाउन प्रवीण भइदिँदा सेनालाई प्रेरणा प्राप्त हुन्छ ।

यसरी नेताको सफल नेतृत्वले सैनिकलाई थप हौसल्ला, प्रेरणा, उत्साह, धैर्यता, वीरता, उत्प्रेरणा आदि जगाउन सहयोग पुग्दछ, जुन कुरा *राधा* उपन्यासकी पात्र सुशीलाले यसरी भनेकी छे :

तालिमकेन्द्रमा निकै अघि एकपल्ट कृष्ण आइपुगेका थिए । तिनी दुई दिन जति सबैलाई युद्धबारे प्रशिक्षण दिएर गए । तर त्यो दुई दिनलाई कृष्णले यो एकोहोरो युद्धीय मनस्थितिबाट मुक्त गरेका थिए । नाचगान भएको थियो । सानो सानो रासनृत्यको आयोजना गरेका थियौँ । हामीले त्यस रात यी सारा दुःखहरूलाई बिर्सिएर अर्को आनन्द अनुभव गर्‍यौँ । (पृ.१५१)

उक्त साक्ष्यमा सेनालाई कृष्णले युद्धबारे प्रशिक्षण दिएपछि उनीहरूको युद्धीय मनस्थितिलाई थप उर्जावान् बनाउन नाचगानको कार्यक्रम राखेको देखिन्छ, जसले सेनालाई गतिशील बनाउँदछ भन्ने कुरा नेतृत्वले वुझेको देखिन्छ । त्यसैगरी गर्गजीले "युद्ध भनेको कुनै औपचारिक होइन, नानी । युद्धमा जित्ने लक्ष्य प्रमुख रहन्छ । युद्ध जित्नका लागि आवश्यक पर्ने जनबल, हातहतियार, धोका, षड्यन्त्र सबै चिज जायज हुन्छन्" (पृ.१३४) भनेका छन् । यस साक्ष्यमा गर्गजीले युद्धका बारेमा सेनालाई अत्यावश्यक तत्त्व यी कुरा हो भनी उत्प्रेरणा प्रदान गरेका छन् । युद्धमा कुनै नैतिक नियम नहुने र धोका दिएर अनि षडयन्त्र गरेर भए पनि युद्ध जित्नुपर्ने कुरा बुझाइएको छ । *राधा*ले पनि नेतृत्वको कुशलता देखाएकी छे । उसले भनेकी छे : "म तिनीहरूलाई सम्झाउँथेँ आश्वासन दिन्थेँ । कृष्ण र बलरामको प्रशंसा गर्दै राजा कंसको अत्याचारको नजानिदो पाराले प्रचार गर्थें" (पृ.१३२) । यस साक्ष्यले पनि नेतृत्वको कुशलतालाई पुष्टि पारेको छ । यस साक्ष्यमा *राधा*ले गाउँलेहरूलाई युद्ध आवश्यक छ भन्ने बनाउन थालेकी छे । कृष्णको प्रसंशा र कंसको विरोध गरी कृष्णको पक्षमा लाग्न *राधा*ले जनतालाई प्रेरित गरेकी छे । अतः नेतृत्व सफल भएकाले युद्ध सफल बनेको छ । नेतृत्वमा अनुशासन छ । आफ्ना सैनिक नेतृत्वमा कुनै असहयोग, धोका, षड्यन्त्र नै छैन, जसले गर्दा छापामार युद्ध सफल बन्न पुगेको छ । छापामार युद्धका यिनै तत्त्वको अनुशरणले कृष्ण र कंसको युद्धमा कृष्ण पक्ष विजयी भएका छन् ।

### *राधा* उपन्यासमा छापामार युद्धको चरणगत प्रयोग

*राधा* उपन्यास एक छापामार युद्धका बारेमा वर्णन गरिएको उपन्यास हो । कृष्ण र कंसको युद्धमा छापामारीय शैलीको प्रयोग गरी युद्धमाथि कृष्णले विजय प्राप्त गरेका छन् । छापामार युद्धका बारेमा माओ र चेग्वेराले चरणका बारेमा वर्णन गरेका छन् । यस उपन्यासमा तिनै चरणगत आधारमा छापामार युद्धलाई व्यवस्थित अनि गन्तव्यमुखी बनाइएको छ :

#### – सुदृढीकरण (मौन चरण)

जब *राधा* उपन्यासमा कृष्णले जसरी पनि कंसको बध गर्नु पर्ने अवस्था सिर्जना भयो, तब कृष्णले कसंसँग आमनेसामने युद्ध गरेर नजित्ने भएपछि छापामार युद्ध कलाको प्रयोग गरी कंसलाई मार्ने रणनीति तयार पार्दछन् । कृष्णले छापामार युद्ध गर्ने फैसला गरेपछि सोअनुसार चरणवद्ध काम अघि बढाउँछन् । पहिलो सुदृढीकरणको चरण हो । यो चरण छापामार सैनिकका लागि मौन चरण हो । यस चरणमा कृष्णले छापामार युद्धका लागि पूर्वतयारी गरेको देखिन्छ । कंससँग युद्ध किन गर्नु पर्‍यो भनी उनले जनतालाई देखाउन आफ्नो माग राखेका छन् । कंससामु कृष्णले राजा कंससँग राखेका मागहरू "मेरा मातापितालाई जेलमुक्त गरी स्वतन्त्र रूपमा बाँच्न दिनुपर्छ । जीवनभरि मेरा मातापितालाई उनले दिएको शारीरिक

तथा मानसिक ज्यादतीको क्षतिपूर्ति दिनुपर्छ । उनले अपदस्थ गरेका आफ्ना पितालाई जेलमुक्त गरी पुनः राजसिंहासनमा बसाउनुपर्छ" (पृ.१३०) जस्ता रहेका थिए । यी मागहरू कृष्णले युद्ध थाल्नुअघि राखिएका माग हुन्, जुन कंसका निम्ति अस्वीकार्य थियो । त्यसै व्यक्तिगत मागलाई देखाएरै कृष्णले जनसमर्थन खोजे । यही माग पूरा नभएकाले युद्ध गर्नुपरेको कुरा जनतालाई बुझाउन लागे । सँगसँगै जनताका पनि माग सम्बोधन नभएको कारण युद्ध सबै मिली गर्नुपर्ने कुरालाई कृष्णले जनतामा राखेका छन् । कृष्णसँगै छापामार युद्धको नेता गर्गजीले गाउँलेहरूलाई भेला पारी जनसमर्थन जुटाउन खोजेको थियो, जसको साक्ष्य यस्तो छ : "समय सधैँ एउटाको अधिकारमा हुँदैन, यसलाई हाँक्ने नयाँनयाँ व्यक्तिहरू संसारमा आइरहन्छन् । प्रत्येक पुस्ताले आफ्नो युगमा आफ्नो अनुकूल बाटो खोज्छ । परिवर्तन हुने नै त्यसैगरी हो" (पृ.१२१) । यसरी गर्गजीले गाँउलेसामू युवाहरूले कृष्णको पछि लाग्नाको कारणबारे बताएपछि गाउँलेहरू खुसी देखिएका छन् । त्यसपछि गर्गजीले नै छापामार सेनालाई प्रशिक्षण दिदै हिँडेका छन् । उनले छापामार सेनालाई आफ्नो सबै सुखसयल र भोगविलास त्यागी युद्धमोर्चामा होमिन आग्रह गरेका छन् । त्यो युद्ध व्यक्तिगत स्वार्थभन्दा समाज विकासका निम्ति अपरिहार्य रहेकाले युद्धक्षेत्रमा वीर वीराङ्गाना भएर निस्कन आह्वान गरेका छन् ।

यसै क्रममा कृष्ण, अक्रुरजी, *राधा*ले समेत जनतामा युद्ध अत्यावश्यक भएकाले युद्धमा युवायुवतीलाई होमिन आग्रह गरेका छन् । बुढापाकालाई समर्थन गरी अप्रत्यक्ष सहयोग गर्ने वातावरण समेत तयार गरेका छन् । यसरी कृष्णले जनसमर्थन प्राप्त गर्दै गएको, जनतामा आफ्नो लक्ष्य प्रष्ट पारेको, छापामार सेनालाई चाहिने खाद्यान्न र हात-हतियार प्रशिक्षणजस्ता कार्यमा लागेको देखिन्छ । खाद्यान्न र प्रशिक्षणका लागि पैसाको समस्या पर्दा *राधा*लाई चलाखीपूर्ण तवरले गोकूलको नेतृत्व दिइन्छ, जसले गर्दा कर सङ्कलन गरी कृष्णलाई नै सहयोग गरिन्छ । *राधा*ले आवश्यकताअनुसार कोषबाट रकम झिकेर गर्गजीमार्फत् युद्धलाई सहयोगार्थ चन्दा पठाउन थाल्दछिन् । कंसलाई भने गाँउ सुनसान भएकाले कर कम संकलन भएको भ्रामक समाचार पठाइन्छ । यसरी जनसमर्थन हाँसिल गरी युद्ध परीक्षण र तयारी पनि गरिन्छ । दिनानुदिन लडाकुहरू थपिएका, खजानाको खाँचो परेको, मथुराबाट अक्रुरजीमार्फत् पनि खर्चबर्च प्राप्त भएको, प्रजाबाट पनि खर्च प्राप्त गरेको कुरा उक्त उपन्यासमा चर्चा गरिएको छ । यसरी जङ्गलमा युद्ध प्रशिक्षण चलिरहेको छ, जसका निम्ति आवश्यक सम्पूर्ण कुराहरू पूरा गरिएको छ । यो युद्धका निम्ति तयारी वा सुदृढीकरणको अवस्था हो । अक्रुरजीमार्फत् कृष्णको तारिफ गरेर कंससामु डर पैदा गराइएको छ । *राधा*ले पनि सङ्कलित कर बुझाउन मथुरा जाँदा कृष्णवारे परोक्ष रूपले वर्णन गरी कंसमाथि भित्री डर पैदा गराएकी छन् । यसरी हेर्दा सबैतर्फबाट कृष्णपक्ष छापामार युद्धको तयारीमा जुटेको देखिन्छ ।

– **क्रमिक विस्तार (सक्रिय चरण)**

छापामार युद्धको यस चरणमा झैँ *राधा* उपन्यासमा कृष्णले कंसका कर्मचारीमा डर, त्रास पैदा गराउनु, उनीहरूलाई विश्वासमा लिई आफ्नो पक्षमा पार्नु अनि कृष्णका छापामार सेना भएका ठाउँमा कंसका सेना आउन नसक्ने बनाएका छन् । कंसकै सरकारका मुख्य पात्र अक्रुरजीलाई समेत कृष्णले आफ्नो पक्षमा पारी कंसको सारा आन्तरिक मामिलामा जानकारी हाँसिल गर्दछन् । सोहीअनुसार रणनीति तयार गरी खाद्यान्न र हातहतियार लुटेर आफ्नो पक्ष सवल बनाउँदछन् । यस चरणसँग मेल खाने साक्ष्यहरू "कंसका मन्त्री नै कृष्ण र बलरामका पक्षमा रहेका पाएर म अत्यन्त खुसी भएँ र अब युद्ध निश्चय नै

जितिन्छ भन्ने लाग्यो मनमा" (पृ.१३६) भन्ने तथा "कंसका जागिर खाएर कृष्णको काम गर्नेहरू मथुरामा असङ्ख्य भइसकेका थिए । खासगरी अक्रुरजीको योगदान थियो यसमा" (पृ.१५३) अनि "चिठीमा कृष्णले थोरै कुरा लेखेका थिए र त्यसमा भनेका थिए, अब केही दिनभित्रै युद्धको प्रारम्भ हुन्छ । मथुराका गाउँहरू कब्जा गर्दै सहरतिर पस्ने योजना छ" (पृ.१५३) भन्ने साक्ष्यहरू रहेका छन् । यी साक्ष्यहरूमा विपक्षी शत्रुका कर्मचारीलाई आफ्नो पक्षमा पारिएको कुरा बोध तथा छापामार युद्ध गर्दै कंसका सेनालाई पराजित गर्दै गएको, मथुराका गाउँहरू कृष्णका सेनाले कब्जा गरी सहरतिर आक्रमण गर्ने योजना बनाएको कुरा उल्लिखित छ । त्यसैगरी "मथुरामा युद्ध सुरू भइसकेको छ । लडाकुहरू जङ्गलतिर बाट निस्केर गाउँ कब्जा गर्दै बिस्तारै नगरतिर बढिरहेका छन् । .... मथुरालाई चारैतिरबाट विद्रोही सेनाहरूले घेरिरहेका छन् । कंसका सेना पनि सानोतिनो भिडन्तपछि कृष्णकै सेनामा सम्मिलित हुँदै नगरतिर बढिरहेका छन् । कंस एकदमै हताश र आत्तिएको छ" (पृ.१५५) भन्ने साक्ष्यले कृष्णका सेना अब अन्तिम युद्धको तयारमा लागेको प्रष्ट हुन्छ । यस चरणको अर्को साक्ष्य यस्तो छ :

> ठूलो रुखको फेदमा पुग्नसानातिना पोथ्रा र झिक्राझिक्री फोडेझैं कसंका गुप्तचर र सेनालाई फाँड्दै कंससम्म पुग्नेबाहेक अरू कुनै सपना थिएन हाम्रो । गाउँलेहरूको प्रत्यक्ष सहयोग थियो । उनीहरू नै खाने बस्ने प्रबन्ध गर्थे । कंसका सेनाको गतिविधिको निरन्तर खबर दिइरहन्थे । तिनीहरू एकातिरबाट हामी अर्कातिर लागिसक्थ्यौ । भरसक आमनेसामने युद्ध लड्ने नीति थिएन हाम्रो । आमनेसामनेको युद्ध लड्न सक्ने क्षमता थिएन हाम्रो । झुक्याएर, अभर पारेर एकाएक अत्याएर आक्रमण गर्थ्यौ हामी । (पृ.१६६)

माथिका साक्ष्य माओले भनेझैँ सक्रिय हुने चरण हो । यो चरणमा छापामारहरू निकै सक्रिय हुन्छन् । यस साक्ष्यमा कृष्ण पक्ष सैनिक आक्रमण गरी अब मथुरा सहरमा आक्रमणको अन्तिम तयारीमा रहेको कुरा बताइएको छ । छापामार युद्धकै माध्यमबाट कृष्ण पक्षले कंसलाई हराउने योजनामा देखिन्छ । अन्तिममा 'तिनीहरू एकातिरबाट आए हामी अर्कातिर लागिसक्थ्यौँ' भन्ने कुराले शत्रुलाई जेजसरी हुन्छ दुःख दिई मार्नुपर्छ भन्ने रणनीति कृष्ण पक्षीय छापामार सेनाको रहेको देखिन्छ । अन्तिम युद्धको तयारीमा लागेका कृष्ण पक्षीय सेनाले यस सक्रिय चरणमा आफ्नो तयारी पुरा गरी मथुरा नगरमा आक्रमण गरी कंसको वध गर्ने योजना बनाउँछन् ।

**– प्रत्याक्रामण (निर्णायक चरण)**

यस चरणमा युद्धको निर्णय हुन्छ । अन्तिम युद्धको सम्पूर्ण तयारी पछिको अवस्थालाई निर्णायक चरण भनिएको छ । यस चरणमा कृष्णले गाउँपछि बिस्तारै मथुरा सहरमा आक्रमण गर्दै जाँदा सुशीला समूहको दोहोरो भीडन्तमा परी ज्यान गएपछि उक्त रणनीति परिवर्तन गरी फरक योजना बनाए, जसको साक्ष्य यस्तो छ : "नगरमा प्रवेश गरिसकेपछि हामी चारैतिर गुप्तचरजस्तो छरिएर कंसको सुरक्षा व्यवस्थाको अध्ययन गर्दै कृष्ण र बलरामसँग पुऱ्याउन थाल्यौँ । कृष्ण र बलराम दुबै जना ब्राह्मणको भेषमा एउटी वृद्धाको घरमा शरण लिएका थिए" (पृ.१६८–१६९) भनी सुशीलाको भनाइबाट युद्धको अन्तिम अवस्थालाई सङ्केत गरिएको छ अनि युद्धको अन्तिम अवस्थालाई कृष्णले "हाम्रा केही साथीहरू कंसकै सैनिकको धोबीलाई कब्जामा लिई कंसका सेनाको पोशाकले सुशोभित भइसकेका थिए । कायक्रमभन्दा दुई दिनअगि नै शस्त्रागारमा हामीले कब्जा जमाइसकेका थियौँ । .... हाम्रा साथीहरूले कार्यक्रमस्थल कब्जा

गरिसकेका थिए” (पृ.१७०) भन्दै गुरिल्ला युद्धकलाकै माध्यमबाट कंसको बध गरेका छन् ।

माथिका साक्ष्यहरू निर्णायक चरणका साक्ष्यहरू हुन् । कृष्णले छापामार युद्धकै क्रममा छद्मभेष धारण गरी कंसको सम्पूर्ण महत्त्वपूर्ण पक्षमा कब्जा गरी कंसकै अङ्गरक्षक पनि आफ्नै पक्षको राखी कार्यक्रम स्थलमा कंसलाई आत्मसमर्पण गर्न आग्रह गर्दा आत्मसमर्पण नगरेपछि उसलाई कृष्णले जमाएर छातीमा मुक्का हान्न थालेपछि उसले प्राण त्याग्दछ । अन्ततः कृष्णको युद्धमा विजय प्राप्त हुन्छ । यसरी निर्णायक चरण पनि फलीभूत हुन्छ । यसरी यस उपन्यासमा सम्पूर्ण छापामार युद्धकै समाप्ति भएको छ ।

## निष्कर्ष

*राधा* उपन्यास एक पौराणिक मिथकलाई आधार मानी लेखिएको मदन पुरस्कार प्राप्त कृति हो । यस कृतिमा महाभारतकी पौराणिक पात्र *राधा*लाई मुख्य चरित्रका रूपमा चित्रण गरिएको छ । *राधा* उपन्यासका माध्यमबाट विभिन्न कुराहरूको जानकारी पाउन सकिन्छ, जसमध्ये नेपालमा चलेको छापामार युद्ध, जुन माओवादीले सशस्त्र युद्ध गऱ्यो, त्यसले पनि उक्त उपन्यासमा प्रभाव पारेको छ। महाभारतकालीन युद्धमा नभएका युद्ध कौशललाई पनि यस उपन्यासमा समेटिएको छ । माओ र चेग्वेराका छापामार युद्ध रणनीतिहरूलाई उपन्यासमा चित्रण गरिएको देखिन्छ। पुराणका कथालाई समसामयिक सन्दर्भसँग मिसाएर लेखिएको उक्त कृतिमा छापामार युद्धका रणनीति तथा छापामार युद्धका चरणहरूको पालना गर्दै कृष्णले कंससँगको युद्धमा वियजी भएका छन् । अतः उक्त उपन्यासमा तत्कालीन माओवादीको सशस्त्र युद्धको छाप परेको देखिन्छ । त्यसैले पनि *राधा* उपन्यास एक छापामार युद्धका दृष्टिले पनि अब्बल कृति हो भन्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


भण्डारी, विष्णु, (२०८०), *नेपाली युद्धसाहित्य* : भुँडीपुराण प्रकाशन ।

धरावासी, कृष्ण (२०७०) *राधा,* दोस्रो संस्क. : पैरवी बुक हाउस ।

पौड्याल, बिन्दु (२०८२), *राधा उपन्यासमा पौरस्त्य मिथक,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, संस्कृत विश्वविद्यालय ।

सरकार, जादुनाथ (सन् १९७५), छत्रपति शिवाजी, (अनु.पी.सी गुप्त) : ओरिएन्ट लङ्म्यान्स,

Guevara, C. (2006). *Guerrilla warfare*. Ocean Press.

Mao, T. (1989). *Guerrilla warfare* (S. B. Griffith, Trans.). University of Illinois Press. (Original work published 1937)